निर्वाचन आयोग, नेपाल

# निर्वाचन आचारसंहिता अनुगमन अधिकृतको कार्यालय

## प्रतिनिधि सभा सदस्य निर्वाचन,२०८२

काभ्रेपलाञ्चोक
निर्वाचन आचारसंहिताअनुगमन अधिकृत
काभ्रेपलाञ्चोक
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

☎ ०११-४९०३२०
Gmail acdokavre@gmail.com

प.सं.- ०८२/८३
च.नं.- ९४

मिति:२०८२।११।११

श्री पनौती नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,पनौती, काभ्रेपलाञ्चोक ।
श्री बनेपा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,बनेपा, काभ्रेपलाञ्चोक ।
श्री धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,धुलिखेल, काभ्रेपलाञ्चोक ।
श्री पाँचखाल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,पाँचखाल, काभ्रेपलाञ्चोक ।
श्री मण्डनदेउपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,पनौती, काभ्रेपलाञ्चोक ।
श्री नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,भकुन्डेबेंसी काभ्रेपलाञ्चोक ।
श्री रोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,अमलटार, काभ्रेपलाञ्चोक ।
श्री बेथानचोक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,ढुंखर्क, काभ्रेपलाञ्चोक ।
श्री खानिखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,तालढुंगा, काभ्रेपलाञ्चोक ।
श्री महाभारत गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,देवीटार, काभ्रेपलाञ्चोक ।
श्री तेमाल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,पोखरी नारायस्थान, काभ्रेपलाञ्चोक ।
श्री भुम्लु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,सल्ले भुम्लु, काभ्रेपलाञ्चोक ।
श्री चौरीदेउराली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,ढाँडखर्क, काभ्रेपलाञ्चोक ।

विषयः निर्वाचन आचारसंहिता पालना सम्बन्धी ।

प्रस्तुत विषयमा निर्वाचन आयोग नेपालद्वारा मिति २०८२/११/१० गते जारी गरिएको प्रेस विज्ञप्ती (निर्वाचन प्रचारप्रसार गर्दा निर्वाचन चिन्हको भौतिक स्वरुप प्रयोग नगर्ने/नगराउने र स्थानीय कार्यपालिकाका पदाधिकारी निर्वाचन आचारसंहिता विपरीत प्रचारप्रसारमा सहभागी हुन-नहुने सम्बन्धमा) आवश्यक जानकारी एवं कार्यार्थको लागि पठाइएको व्यहोरा अनुरोध छ ।

(भोलानाथ गुरागाई)
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत
प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

बोधार्थः
श्री मुख्य निर्वाचन अधिकृतको कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक ।
श्री निर्वाचन अधिकृतको कार्यालय, पनौती, काभ्रेपलाञ्चोक ।
श्री जिल्ला प्रहरी कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक ।

दर्ता नं.: ३४४
दर्ता मिति: ०८२/११/११

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

मितिः २०८२/११/१०
नेपाल संवत् ११४६ चिल्लाथ्व पञ्चमी

## प्रेस विज्ञप्ति

### (निर्वाचन प्रचारप्रसार गर्दा निर्वाचन चिह्नको भौतिक स्वरुप प्रयोग नगर्ने/नगराउने सम्बन्धमा)

सम्वत् २०८२ साल फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा सहभागी कतिपय राजनीतिक दल वा उम्मेदवारले निर्वाचन चिह्नको प्रचारप्रसार गर्दा भौतिक स्वरुपको निर्वाचन चिह्न साथमै बोकी प्रयोग गर्ने र जनसमुदायको समग्र शान्तिमा प्रतिकूल असर पारेको भन्ने सूचना/गुनासाहरु प्राप्त भएका छन्। राजनीतिक दल वा उम्मेदवारले कपडा, तुल, फ्लेक्स वा कागजमा छापी वा प्रिन्ट गरी तोकिएको मापदण्ड बमोजिम आफ्नो निर्वाचन चिह्नको प्रचारप्रसार गर्न सक्ने तर सोको सट्टामा कुनै धातु, काठ वा अन्य त्यस्तै प्रकृतिका सामाग्रीबाट बनेको भौतिक स्वरुपका निर्वाचन चिह्न लिई निर्वाचन प्रचारप्रसार गर्दा सुरक्षा जोखिम बढेको भन्ने उजुरी तथा गुनासोहरु समेत निर्वाचन आयोगमा प्राप्त भएका छन्।

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१(१) मा निर्वाचनका लागि दल र उम्मेदवारलाई वितरण गर्ने निर्वाचन चिह्न आयोगले निर्धारण गर्ने व्यवस्था रहेको छ। प्रतिनिधि सभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को दफा ४३ को उपदफा (१) मा "निर्वाचनका लागि दललाई प्रदान गरिने निर्वाचन चिह्न अनुसूची-३० बमोजिम र स्वतन्त्र उम्मेदवारलाई प्रदान गरिने निर्वाचन चिह्न अनुसूची-३१ बमोजिम हुनेछ" भन्ने व्यवस्था रहेको छ। उल्लिखित ऐन र निर्देशिकाले प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा भाग लिने उम्मेदवारलाई प्रतिनिधि सभा सदस्य निर्वाचन निर्देशिका, २०८२ को अनुसूची-३० र अनुसूची-३१ मा उल्लेखित निर्वाचन चिह्न प्रदान गर्ने र सो बमोजिम निर्वाचन चिह्न पाएका दल वा उम्मेदवारले प्रयोग गर्ने दलको झण्डा र चुनाव चिन्हको मापदण्ड निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को खण्ड (ड) मा व्यवस्था गरेको छ।

उल्लिखित सन्दर्भमा प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा भाग लिने राजनीतिक दल वा उम्मेदवारले आम जनमानसको सुरक्षामा असर पर्ने किसिमबाट भौतिक स्वरुपका कुनै धातु, काठ वा अन्य त्यस्तै प्रकृतिका सामाग्रीबाट बनेका निर्वाचन चिह्न प्रयोग गरी निर्वाचन प्रचारप्रसार नगर्न तथा निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को खण्ड (ड) मा तोकिए बमोजिमको मापदण्ड बमोजिम दलको झण्डा र चुनाव चिन्हको माध्ययबाट मात्र निर्वाचन प्रचारप्रसार गर्न गराउन र सोको विपरीत गरेको देखिएमा आचारसंहिता प्रतिकूल हुने व्यहोरा सरोकारवाला सबैमा जानकारीका लागि अनुरोध छ।

नारायण प्रसाद भट्टराई
सहसचिव एवम् प्रवक्ता



कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal. Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np